मिति २०८० भाद्र ५ र ६ गते सम्पन्न प्रदेश विकास समस्या समाधान समिति (PDAC) तथा आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षा बैठकमा विषय/क्षेत्रगत मन्त्रालय/निकायबाट प्रस्तुत गरिएको प्रगति विवरण सम्बन्धमा माननीय मुख्यमन्त्री तथा प्रदेश योजना आयोगका अध्यक्ष श्री डिल्ली बहादुर चौधरी ज्यूले प्रदेश सरकार मातहतका मन्त्रालय तथा निकायहरुलाई दिनुभएको निर्देशनहरुः

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

१. यस प्रदेशको उच्च प्रशासनिक तथा राजनीतिक उतारचढाव र घटना परिघटनाबाट कार्यसम्पादन र सेवा प्रवाहमा प्रभाव पर्न नदिई सेवा प्रवाहको गुणस्तर सुनिश्चितता गर्ने।

२. प्रदेशमा सञ्चालित राष्ट्रियस्तरका आयोजना/ कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय तथा जनस्तरमा परेको प्रभाव र गुनासो सम्वोधनको लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने।

३. संघ, प्रदेश र स्थानीय तह विच योजना तर्जुमा र आयोजना कार्यान्वियन सम्वन्धमा सहकार्य र समन्वय कायम गर्ने प्रभावकारी संयन्त्र विकास गर्ने।
प्रदेशले बनाउनुपर्ने आवश्यक कानुन नियम र निर्देशिका पहिचान गरि ऐन कानुन तथा निर्देशिका निर्माण गर्दा सुरुमा सम्वन्धित मन्त्रालयले मस्यौदा तयार गरी गृह मन्त्रालयमा पठाउने र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पुनरावलोकन गरी तर्जुमा एवम् कार्यान्वयन गर्ने।

४. स्थानीय वस्तु तथा सेवाको उत्पादन प्रवर्द्धन, सामाजिक परिवेश र स्थानीय बजारको माग अनुसारको उत्पादन प्रवर्द्धन र बजारीकरण सम्बन्धी नीति प्रदेश योजना आयोगसँगको सहकार्यमा तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।

अर्थ मन्त्रालयः

१. बजेटको अभावमा आयोजना कार्यान्वयन गर्न नसक्ने अवस्था सिर्जना हुन नदिने ।

२. मुख्यमन्त्री कार्यालय लगायत सबै मन्त्रालय लगायत संघ र स्थानीय तहसँग प्रदेश सरकारका नीति तथा कार्यक्रम एवम् बजेटमा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

३. आयोजना कार्यान्वयनको स्थिति मूल्याङ्कन गरी बजेट व्यवस्थापन गर्ने ।

४. राजश्व बाँडफाँटलाई यथार्थपरक बनाउँदै राजश्वको थप स्रोत पहिचान र दायरा विस्तार गर्ने।

५. बहुवर्षीय योजनाको सुनिश्चितता गर्दा आगामी आ.व.को बढी दायित्व सृजना हुन नदिने गरी प्रदेश योजना आयोग र अर्थ मन्त्रालयले आवश्यक अनुगमन समेत गरी अति आवश्यक र आगामी वार्षिक कार्यक्रममा ३० प्रतिशत भन्दा कम दायित्व सृजना हुने गरी सिफारिस तथा स्विकृत गर्ने।

६. राजधानी व्यवस्थापमा तत्काल शिक्षा र स्वास्थ्यको पूर्वाधारको व्यवस्था गर्ने,अर्थ मन्त्रालयले बजेटको व्यवस्था तथा गृह मन्त्रालयले सुरक्षा व्यवस्थापनको प्रवन्ध मिलाउने गरी कार्यविधी बनाई प्रकृया अगाडी वढाउने।

७. प्रदेशको ढुकुटी बलियो बनाउन प्रतिफलदायी लगानीका क्षेत्रहरुको पहिचान गरी कार्यान्वयन गर्नुपर्ने।

८. संघ प्रदेश र स्थानिय तहविच राजश्वको सृजना र दायरा विस्तारको मोडालिटी तय गरी संयन्त्र विकास गर्ने ।

डा. नहकुल के.सी.
उपाध्यक्ष

मुख्यमन्त्री

खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालयः

१. खानेपानीको क्षेत्रमा बहुवर्षिय आयोजनाको रुपमा स्विकृती तथा स्रोत सुनिश्चितता नभई वार्षिक बजेटमा बिनियोजित रकम भन्दा थप दायित्व सृजना नगर्ने।

२. एकीकृत शहरी पूर्वाधार निर्माणको अवधारणाबाट शहरी पूर्वाधार विकास गर्नुपर्ने ।

३. आयोजना तथा कार्यक्रमको गुणस्तरमा कमी हुन नदिन प्रभावकारी संयुक्त अनुगमन गर्ने ।

४. आयोजना सञ्चालन गर्दा लाभ तथा लागत विश्लेषण गरी प्रतिफल एकिन गरेर मात्र लागु गर्ने।

५. पर्यटकीय स्थल स्वर्गद्धारीमा धर्मशाला तथा अन्य अत्याबश्यकीय पूर्वाधार विकास गरी चालु आर्थिक वर्ष २०८०/०८१ भित्रै सम्पन्न गर्ने।

भौतिक पूर्वाधार विकास मन्त्रालयः

१. टुक्रे आयोजना प्रवृत्ति पूर्ण रुपमा निरुत्साहित र निषेध गर्ने तथा ठुला आयोजनाहरु बहुवर्षिय प्रकृतिको हुनुपर्ने ।

२. बहुसंख्यक जनसंख्याले लाभ पाउने खालका सडक पुल तथा अन्य भौतिक संरचना निर्माण गर्नका लागि प्राथमिकता दिने।

३. भौतिक पूर्वाधारमा अधिकतम प्रतिफ़्लका लागि वन तथा वातावरण मन्त्रालय र कृषि तथा भुमि विकास मन्त्रालय संग समन्वय र सहकार्य गर्ने।

४. आयोजना सञ्चालन गर्दा लाभ तथा लागत विश्लेषण गरी प्रतिफल एकिन गरेर मात्र लागु गर्ने।

५. आयोजना छनौट गर्दा प्रदेशको प्राथमिकता, भूगोल, जनसंख्या र विकास अवस्थालाई ध्यान दिई बजेट प्रस्ताव गर्ने ।

६. चालु आयोजनाको कार्यान्वयन सुनिश्चित गरेर मात्र नयाँ आयोजना/कार्यक्रम माग तथा प्रस्ताव पेश गर्ने।

७. स्रोत सुनिश्चितता नभई ठेक्का लगाउने कार्य गर्न नहुने।

८. बहुवर्षिय आयोजनाको दायित्व कुल बजेटको ३० प्रतिशत भन्दा बढी हुन नहुने।

स्वास्थ्य मन्त्रालयः

१. दरबन्दी मिलान गरी थप विशेषज्ञ सेवा प्रदान गर्न अस्थायी पदपूर्तिको व्यवस्था गर्ने

२. सुरक्षित मातृत्व र मातृ शिशु मृत्युदर घटाउने कार्यक्रमको प्रभावकारिता उल्लेख्य रुपमा अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गर्ने।

डा. नरबहादुर के.सी.
उपाध्यक्ष

मुख्यमन्त्री

३. लुम्बिनी प्रदेश राजधानी क्षेत्रमा विषेशज्ञ सेवा सहितको स्वास्थ्य सेवा उपलव्ध गराउने गरी कार्यविधी बनाई प्रकृया अगाडी बढाउने।

४. यस प्रदेशको प्रदेश गौरबको आयोजनामा पर्ने लुम्बिनी प्रादेशिक अस्पतालको आधुनिक भवन निर्माण प्रकृयमा रहेको र उक्त अस्पतालको सेवा प्रवाह छिटो छरितो तथा जनताले महसुस गर्ने गरी सुधार ल्याउने।

५.

गृह मन्त्रालयः

१. प्रदेश मन्त्रालय पूर्नसंरचना भई सहकारी सम्बन्धी कार्य समेत यस मन्त्रालयमा थपिएको हुँदा सहकारी सम्बन्धी कार्यलाई नियमित रुपमा संचालन गर्ने कार्य यथाशीघ्र अगाडि बढाउने।

२. वर्षादको समयमा कटान भएको क्षेत्र र विपद कार्यको तथ्यांक संकलन र पहिचान गरी तत्काल राहत र पूनर्निमाणको काम गर्ने र सो को विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. प्रहरी चेक जाँच निश्चित, नियमित र प्रभावकारी रुपमा व्यवस्थित तरिकाले गर्नुपर्ने।

४. प्रदेश प्रहरी समायोजनका लागि ऐन निर्माण भइसकेको हुँदा समायोजन प्रक्रिया अगाडि बढाउन प्रदेशमा आवश्यक पहल गर्ने।

५. कर्मचारीहरु मन्त्रालयहरुमा रहेर काम गर्न आकर्षण नहुनुका कारण पहिचान गरी तत्काल सम्बोधन गर्ने कार्यक्रम बनाइ पेश गर्ने।

६. राजधानी व्यवस्थापमा तत्काल शिक्षा र स्वास्थ्यको पूर्वाधारको व्यवस्था गर्ने,अर्थ मन्त्रालयले बजेटको व्यवस्था तथा गृह मन्त्रालयले सुरक्षा व्यवस्थापनको प्रवन्ध मिलाउने गरी कार्यविधी बनाई प्रकृया अगाडी बढाउने।

७. सम्बन्धित मन्त्रालय तथा निकायहरुमा सहकार्य गर्दै विपद् व्यवस्थापनको कार्य प्रभावकारी बनाउने विपदको समयमा यथा सिघ्र जनतालाई अनुभुती हुने गरी राहात सामग्री उपलव्ध गराउने व्यवस्था मिलाउने।

वन तथा वातावरण मन्त्रालयः

१. सामुदायिक वनको सदुपयोग, वन पैदबारको कटानी र निकासीबाट प्राप्त हुने राजश्वको परिचालन एवम् अभिवृद्धि सुनिश्चिततासँगै अनियमितता रोक्ने कार्यक्रम आवश्यक कडाइका साथ लागू गर्ने।

२. रैथाने र जङ्गली फलफूल र अन्य उत्पादन र आयस्तर बढाउन वनपैदावर बढाउनुपर्ने।

३. वनजंगलको विविधीकरण र व्यवसायीकरणका लागि कृषि वन, वन पर्यटन लगायतका कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाउने।

४. वर्षेनी हुने वन डढेलो व्यवस्थापन र विपद व्यवस्थापनमा गृहमन्त्रालयसंग समन्वय गरी कार्य विपद न्युनिकरणमा पहल गर्ने।

५. वन अतिक्रमणलाई पूर्ण रुपमा निरुत्साहित गर्नुपर्ने र वन क्षेत्रको अनधिकृत प्रयोगलाई Pro-active अवधारणामा आधारित भई वन तथा पर्यावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने।

डा. नहकुल के.सी.
उपाध्यक्ष

मुख्यमन्त्री

६. वन, वातावरण क्षेत्रको सदुपयोग गरी उपयोग र अर्थोपार्जन कार्यक्रमलाई एकीकृत रुपमा संरक्षणको कार्यक्रम साथसाथै लिएर जानुपर्ने।

७. वन क्षेत्रभित्र वर्षाको पानीको व्यवस्थापनका लागि पुनःभरण पोखरी तथा Recharge area व्यवस्थापन गर्ने।

८. प्रदेश सडक हरियाली कार्यक्रममा प्रदेश पूर्वाधार विकास कार्यालयसंग समन्वय गरि कार्ययोजना बनाउने।

९. वन क्षेत्रबाट प्राप्त हुने राजस्व व्यवस्थापन र अभिवृद्धि गर्न आवश्यक कार्यविधि निर्माण गर्ने।

१०. वन पैदावर र उत्पादनको सदुपयोग योजना बनाई कार्यान्वयन गर्ने।

११. वन अतिक्रमण रोक्न राजनीतीक र प्रशासनिक नेतृत्वको तदारुकता कायम गर्दै समुदायस्तरमा सचेतना र सहभागिता बढाउने कार्यक्रम ल्याउनुपर्ने।

१२. शहर उन्मुख बस्ती नजिक वन अतिक्रमणमा सम्बन्धित पक्ष मौन तथा कार्यक्रम प्रभावकारी हुन नसकेको अवस्थामा यस्ता संवेदनशील क्षेत्रको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने।

१३. वन तथा वातावरण मन्त्रालय अन्तर्गतको बेरुजु सम्बन्धमा असुल उपर गर्नुपर्ने बेरुजुको मात्रा बढी देखिएकोले यसलाई समाधान तर्फ पहल गर्ने।

## उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयः

१. बजार अनुगमनलाई तीव्रता दिंदै कालोबजारी तथा गुणस्तरहीन वस्तुको बजारीकरणलाई पूर्ण रुपमा नियन्त्रणमा ल्याउने।

२. लक्षित बर्ग तथा सिमान्तकृत समुदायको पहुचसम्म स्वरोजगारमुलक तालिम उपलव्ध गराउने तथा त्यस्ता सिपमुलक तालिम व्यवसाय उन्मुख व्यक्तिहरुलाईमात्र उपलव्ध गराउने साथै व्यवसायिकता तर्फ लैजान आवस्यक समन्वय तथा सहयोग पुर्याउने ।

३. मन्त्रालय तथा निकायको बजेट तथा कार्यक्रममा मात्र केन्द्रित नभई लक्षित बर्गको मागको आधारमा कार्यक्रम बनाउने।

४. उद्योगको लागि दक्ष जनशक्ति उत्पादनको लागि औपचारिक र अनौपचारिक शिक्षालाई कृषि क्षेत्र तथा उद्योगहरूसँग समन्वय गरी एकीकृत सीप विकास कार्यक्रम सञ्चालन गर्ने।

५. यातायात कार्यालयको सेवालाइ जनमैत्री र गुनासो रहित बनाउन आवश्यक योजना तयार गरी लागू गर्ने।

६. प्रदेशमा सञ्चालित साना तथा घरेलु उद्योगहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउने।

७. बजार माग बमोजिम आवश्यक रोजगारी सिर्जना, आयात प्रतिस्थापन र राजस्व अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

८. उद्योग स्थापना र अभिवृद्धिका लागि छुट सहुलियतलाई कसरी व्यवस्थित गर्ने सो सम्बन्धमा अन्तरनिकाय एवम् अन्तरमन्त्रालय समन्वय गरेर अगाडि बढाउने।

डा. नहकुल के.सी.
उपाध्यक्ष

मुख्यमन्त्री

कृषि तथा भूमि व्यवस्था मन्त्रालयः

१. कृषि, शिक्षा र स्वास्थ्यमा विशेष कार्यक्रम लागू गर्न विगतमा सञ्चालित आयोजनाको अनुभव र नतिजाको अधारमा Re –design गरी परिणाम देखिने गरी कार्य सम्पादन गर्ने।
२. प्रदेशको सबै जिल्लामा गुणस्तरीय मल बिउको पहुचमा कमि हुन नदिने।
३. कृषि उत्पादन तथा पशुपालनमा विभिन्न रोगको संक्रमणवाट हुने क्षेतिबाट उत्पादन घट्न गई किसानको मनोबल समेत कम हुने हुदा आवस्यक प्राविधिकको पहुच तथा औषधीको कमि नहुने गरी प्रवन्ध मिलाउने।
४. खाद्य सामग्रीको गुणस्तर विषादी मापन गरी गुणस्तर मापन गर्ने संयन्त्र सक्रिय बनाई प्रभावकारी अनुगमन गर्ने।
५. कृषि तथा पशुपालनमा विभिन्न समयमा हुने दैविप्रकोप तथा महामारीबाट हुने क्षेतीको राहतका लागि किसानलाई कृषि तथा पशु विमा गर्ने कार्यक्रम विस्तार गर्ने।
६. कृषि उत्पादनमा आत्मनिर्भर उन्मुख बनी निर्यातसम्म पुग्ने कार्ययोजना बनाउने र जंगली जनावर-बाँदर, बँदेल लगायतको व्यवस्थापन गरी बालीनाली तथा जीऊधनको क्षति न्यूनीकरण गर्ने।
७. भुगोल र माटोको उर्वराशक्ती एवम माटो सुहाउदो उत्पादन र उत्पादकत्व बढाउने गरी कार्यक्रम बनाउने।
८. अनुदानको दुरुपयोगलाई पूर्ण रुपमा रोक्ने सुनिश्चित हुने गरी उत्पादन र नतिजामा आधारित अवधारणा विकास गरी लागू गर्ने।
९. कृषिको उत्पादन लागत घटाउने एवम् बजार पहुँच विस्तार गर्ने कार्यक्रम बनाउने तथा आगामी बजेटबाट किसानको जीवनस्तरमा परिणाम देखिने गरी नयाँ तथा सुधारका कार्यक्रम ल्याउने।

सामाजिक विकास मन्त्रालयः

१. सरकारी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गराउदै घट्दो विद्यार्थी भर्ना तथा संख्यालाई बढाउने गरी पठन पाठनका विधी सुधार र गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम ल्याउने।
२. लुम्बिनी प्रदेश राजधानी क्षेत्रमा काठमाण्डौंको बुढानिलकण्ठ विद्यालय स्तरको शैक्षिक संस्था स्थापना तथा सञ्चालन तथा व्यवस्थापनका लागि यथासिघ्र पहल गर्ने।
३. प्राविधिक शिक्षा र सीप सिकाईलाई विद्यालय शिक्षासँगै शिक्षण संस्थावाट प्राप्त हुने सिकाईलाई आबद्धता गराई जिवनउपयोगी शिक्षाको रुपमा रुपान्तरण गराउने।
४. बर्तमान प्रतिष्प्रधाको समयमा लुम्बिनी प्रदेशको शैक्षिकस्तर सुधार गर्न आवश्यक जनशक्ति व्यवस्थापन गरी शिक्षा नीति तथा कार्यक्रम परिमार्जन गर्ने ।
५. आन्तरिक बजार माग अनुरुप तथा वाहय बजारको जनशक्ती माग विश्लेषण गर्दै सामुदायिक विद्यालय र दुरदराजका क्षेत्रमा क्याम्पस र उच्च शिक्षा विस्तार र गुणस्तर अभिवृद्धिमा प्रमुख ध्यान दिने।
६. प्राविधिक शिक्षाद्धारा दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने र उत्पादित जनशक्तिको लेखाजोखा गरी जनशक्तीको रोजगारीको अवस्थामा विश्लेषणात्मक विवरण तयार गर्ने।

डा. नहकुल के.सी.
उपाध्यक्ष

मुख्यमन्त्री

७. धार्मिक तथा सनातन शिक्षालय, संस्कृत विद्यालय र बौद्ध शिक्षा माग र संस्कृतिको संरक्षण अवधारणा अनुरुप निर्धारण गरी कार्यक्रम ल्याउने।

**सूचना तथा संचार प्रविधि प्रतिष्ठानः**

१. कार्ययोजना बनाई प्रदेशमा सूचना तथा संचार प्रविधिको पहुँचमा विस्तार गर्ने तथा गुणस्तर सुनिश्चित गर्ने।

२.

**प्रदेश पूर्वाधार विकास प्राधिकरणः**

१. खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालयलाई संग समन्वय गरी कार्य गर्ने ।

**प्रदेश योजना आयोगः**

१. प्रदेशका सम्बन्धित मन्त्रालयहरुको समन्वयमा योजना तर्जुमा गर्ने।

२. प्रदेशमा सञ्चालित सबै आयोजनाहरुको गुणस्तरमा कमी हुन नदिन संयुक्त अनुगमनत समिति बनाई आवश्यकता अनुसार अनुगमन गर्ने।

३. बहुवर्षिय आयोजनाको रुपमा स्विकृतिका लागि पेश भएका आयोजनाहरुको स्थलगत अनुगमन गरी उपयुक्त भएमा मात्र स्विकृतीको प्रकृया अगाडी बढाउने।

४. स्रोत सुनिश्चितता भएका आयोजनाहरुको विवरण अद्यावधिक गर्ने र आर्थिक मामिला मन्त्रालयसँग सहकार्य गरी स्रोत सुनिश्चितता प्रदान गर्ने।

५. प्रदेश गौरवका आयोजना तथा महत्वपूर्ण .आयोजना/कार्यक्रमको विवरण र प्रगति अवस्था अद्यावधिक गरी प्रकाशन गर्ने।

६. प्रदेशको दोस्रो आवधिक योजना तर्जुमाको पूर्व-तयारी गर्ने तथा आगामी आ.व. २०८०/८१ मा कार्यक्रम प्रस्ताव गर्ने।

७. बहुवर्षीय योजनाको सुनिश्चितता गर्दा आगामी आ.व.को बढी दायित्व सृजना हुन नदिने गरी प्रदेश योजना आयोग र अर्थ मन्त्रालयले आवश्यक अनुगमन समेत गरी अति आवश्यक र आगामी वार्षिक कार्यक्रममा ३० प्रतिशत भन्दा कम दायित्व सृजना हुने गरी सिफारिस तथा स्विकृत गर्ने।

८.

प्रदेश सुशासन केन्द्र,

१. प्रदेश सुशासन केन्द्रको कानुनी अस्तित्वका लागि कानुन बनाएर प्रदेश प्रशिक्षण प्रतिष्ठान बनाउने।

२. प्रदेशको आवश्यकताको आधारमा कार्यक्रम प्रस्ताव र सञ्चालन गर्ने साथै प्राविधिक मन्त्रालय र जनशक्तिलाई आवश्यक तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

डा. नहकुल के.सी.
उपाध्यक्ष

३. क्षमता विकासको मोडेल परिवर्तन गरी स्वनिर्भर हुने कार्यक्रम मोडालिटी तय गर्ने र सरकारी स्रोतमा मात्र निर्भर नभई वाह्य क्षेत्रको कार्यक्रम समेत सञ्चालन गर्ने तथा अर्ध सरकारी निकायको रुपमा रुपान्तरण गर्ने।

४. प्रदेशकै जनशक्तिवाट प्रशिक्षक र स्रोत व्यक्ति विकास गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने।

५. परामर्श सेवावाट निश्चित प्रतिशत शुल्क लिने व्यवस्था मिलाउने।

डा. नहकुल के.सी.
उपाध्यक्ष

मुख्यमन्त्री